शुक्लाफाँटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झलारी, कन्चनपुर

## सिलवन्दी वोलपत्र आह्वानको सूचना

**सिलबन्दी बोलपत्र आह्वान**

**प्रथम पटक प्रकाशित मिति ०७५/१२/१६**

यस कार्यालयवाट तपसिलमा उल्लेखित निर्माण कार्यहरु बेलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिन्छ ।

१) वोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र प्रति वोलपत्र रु.३,०००।-(तीन हजार) फिर्ता नहुने गरी तिरी नागरिकताको प्रमाण पत्र, आ.व.२०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, नविकरण गरिएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रकागजातहरुको **नोटरीपब्लिकबाट प्रमाणित प्रतिलिपी** निवेदन साथ संलग्न राखी यस कार्यालयको खरीद ईकाईबाट खरिद गर्न सकिनेछ । बोलपत्र दस्तुर नगदै वा यस कार्यालयको एभरेष्ट बैंक झलारी स्थित खाता न. ०५९१०१०५२००००० मा जम्मा भएको भौचर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ।

२) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा कागजात बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

३) खरिद भएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहाछाप गरेर पेश गर्नु पर्ने छ । दर्ता भएका बोलपत्र यस कार्यालयमा सोही दिन दिनको २:०० बजे कार्यलयका प्रतिनिधी र बोलपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा बाधा हुने छैन ।

४) बोलपत्रसाथ धरौटी वापत देहायमा उल्लेख भए अनुसारको रकम श्री एभरेष्ट बैंक लि. झलारी शाखा, कन्चनपुरमा रहेको धरौटी खाता नम्वर ०५९१०१०५२००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने मितिले १२० दिन मान्य अवधि भएको राष्ढ बैकबाट मान्यता प्राप्त बैकबाट जारि भएको बोलपत्र जमानत (Bid Guarantee) पेश गर्नु पर्नेछ ।

५) बोलपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारबाही हुने छैन ।

६) बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसँग बुझि, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।

७) एक व्यक्ति वा फर्मको नाममा खरिद भएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

८) बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षर उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

९) बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१०) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने, वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११) बोलपत्र स्विकृत लागत अनुमान र प्रस्ताबित बजेट अनुसार आव्हान गरेतापनि भुक्तानी दिदा चालु आ.व. मा स्विकृत बजेट अनुसार भुक्तानी गरिने छ, भुक्तानी हुन बाकी रहेमा आगामी आ व मा भुक्तानी हुनेछ।
१२) बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२) वोलपत्र पेश गर्नु पूर्वको वैठक मिति २०७६।१।७ गतेको दिनको १२:०० वजे यस कार्यालयमा हुने भएकोले वोलपत्रदाता उपस्थित हुन जानकारी गरिन्छ।
१३) कुनै कारणवाट ठेक्का रद्द भएमा वोलपत्रदाताले कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन।
१४) बोलपत्र सम्बन्धी यस सचनामा नपरेका अन्य कार्यविधीहरु, सार्वजनिक खरिद ऐन, २०६३ ( संशोधन सहित ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ ( संशोधन सहित ) बमोजिम हुनेछ। बोलपत्र सम्बन्धि अन्य व्यवस्थाहरु बोलपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तमा उल्लेख भए बमोजिम हुनेछ।
१५) यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ। कामको विवरण निम्नअनुसारको छ।

कार्य विवरण :

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | वोलपत्र दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| १ | २५।२०७५।०७६ | कालीका मा.बि दक्षिण वार्ड न ३ खैरकन्द्रा होमस्टे जाने कालोपत्रे बाटो निर्माण कार्य | ३०००।०० | २५००००।०० |
| २ | २६।२०७५।०७६ | बनसमिति देखि सिमलपलाटां हुदै कालापानी जाने कालोपत्रे बाटो निर्माण कार्य | ३०००।०० | २५००००।०० |
| ३ | २७।२०७५।०७६ | बनसमिति देखि खजुवा जाने कालोपत्रे बाटो निर्माण कार्य | ३०००।०० | २५००००।०० |

बोलपत्र खरिद गर्ने अन्तिम

मिति :–२०७६।१।१५

बोलपत्र दाखिला गर्ने अन्तिम मिति

मिति :–२०७६।१।१६ गते दिउसो १२ :०० बजे सम्म